# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission**

केन्द्रीय कार्यालय, Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal


**प्रेस विज्ञप्ति**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७२ साउन ७ गते

## आयोगलाई स्वतन्त्र, स्वायत्त र समावेशी बनाउनुपर्ने आयोगको सुझाव

राष्ट्रिय मानव अधिकार आयोगलाई स्वतन्त्र, स्वायत्त र समावेशी बनाउनुपर्ने लगायतका विषयमा आयोगले तयार पारेको सुझाव संविधान सभाका अध्यक्ष सुवास नेम्वाङलाई बुझाएको छ ।

संविधानसभाको दोस्रो निर्वाचन २०७० अनुरुप गठन भएको नेपालको संविधानसभाका माननीय सदस्यज्यूहरुबाट तयार पारी मिति २०७२ ३ २३ गते राजपत्रमा प्रकाशित नेपालको संविधान २०७२ को प्रारम्भिक मस्यौदामा आयोगका सबै क्षेत्रीय र उपक्षेत्रीय कार्यालयहरु र काठमाडौंमा गरिएको सरोकारवालाहरु तथा संविधानविज्ञसमेतको राय परामर्शको आधारमा तथा आयोगबाट २०७१ कार्तिक २८ गते माननीय सदस्य गोविन्द शर्मा पौड्यालको संयोजकत्वमा गठित कार्यदलको सुझावको आधारमा आयोगले सुझाव पेश गरेको हो । आयोगले पेश गरेको सुझावहरुमा मानव अधिकार, लोकतन्त्र र समावेशिकताको सिद्धान्त तथा मानव अधिकारका अन्तर्राष्ट्रिय मान्यता अनुरुप मस्यौदा संविधानमा संशोधन हुन आवश्यक रहेको उल्लेख छ । आयोगका सुझावहरु मूलत मस्यौदा संविधानको प्रस्तावना, नागरिकता, मौलिक हक, राष्ट्रिय मानव अधिकार आयोग, सकटकालीन अवस्था तथा विविधि विषयहरुसंग सम्बन्धित रहेको छ ।

आयोगले सभामुखलाई बुझाएको सुझावमा निम्न उल्लेखित बुँदाहरु समावेश गरिएका छन् ।

१. राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग र राष्ट्रिय समावेशी आयोगहरू र राष्ट्रिय मानव अधिकार आयोगको क्षेत्राधिकार र समन्वयको बारेमा प्रष्ट व्यवस्था गरिनु पर्ने ।

२. मौलिक हक तत्काल लागू हुने अधिकारहरू भएकाले कानून बमोजिम भनि सीमित गर्नु उपयुक्त नहुने । मौलिक हक अन्तंगत उल्लेख भएका कतिपय विषयहरू राज्यको निर्देशक सिद्धान्त तथा नीति अन्तंगत समावेश गर्न उपयुक्त हुने किसिमका भएको पाइकोले सो मिलाउनु पर्ने ।

३. संविधानमा उल्लेख गरिएका आर्थिक, समाजिक अधिकारहरू उपलब्ध श्रोत साधनको आधारमा क्रमिक रुपमा प्रापत हुँदै जाने विषयमा ध्यान दिइनु पर्ने ।

४. सकारात्मक विभेद अन्तर्गत सामाजिक न्यायको हक ऐतिहासिक रुपमा उत्पिडनमा परेका र मानव विकास सुचकाकमा पछि परेका समुदायलाई मात्र समेट्नु पर्ने ।

५. समग्र संविधानको अध्ययनबाट शक्तिपृथकीकरणको सिद्धान्तलाई अवलम्बन गरिएको नदेखिंदा त्यसतर्फ ध्यान पुऱ्याउनु पर्ने ।


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org

# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission
केन्द्रीय कार्यालय, Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal


६. संविधानमा धेरै दोहारो अर्थ लाग्ने किसिमको शब्दहरूको चयन गरिएको देखिंदा त्यस्ता शब्दहरूमा सुधार गर्न ।

७. राजनैतिक दलहरूमा पनि समानुपतिक समावेशीता हुने कुराको सुनिश्चित गर्न ।

८. "प्रस्तावना" संविधानको आत्मा भएको हुनाले संक्षिप्त उद्देश्यमूलक, स्पष्ट र मानवअधिकारमैत्री हुनु पर्ने ।

९. अङ्गीकृत नागरिकतासम्बन्धी व्यवस्था लैङ्गिक समानताको दृष्टिकोणबाट न्यायोचित हुनु पर्ने ।

१० अनुसन्धानको क्रममा कसैलाई पनि शारीरिक वा मानसिक यातना दिइने वा निजसंग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन भन्ने उल्लेख हुनुपर्ने ।

११. प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने, प्राप्त र प्रवाहगर्ने हक हुनुपर्ने ।

१२ नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो मातृभाषामा शिक्षा प्राप्त गर्न र कानुन बमोजिम विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनुपर्ने ।

१३ कुनैपनि बालबालिकालाई घर, विद्यालय वा अन्य कुनै पनि स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना वा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरुद्धको हक हुनुपर्ने ।

१४ ज्येष्ठ नागरिकलाई राज्यबाट मर्यादित रुपमा जीवन जीउने सहितको विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुनुपर्ने ।

१५ राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष र सदस्यको पारिश्रमिक र सेवाका शर्तहरू सर्वोच्च अदालतका प्रधान न्यायाधीश र न्यायाधीश सरह हक हुनुपर्ने ।

१६ राष्ट्रिय मानव अधिकार आयोगले गरेको सिफारिश कार्यान्वयन नगर्ने वा आयोगले मानव अधिकार उउल्लघनकर्ताको रुपमा अभिलेख गरेको व्यक्तिलाई अवहेलनामा कारवाही गर्न सक्ने व्यवस्था हुनुपर्ने ।

वेदप्रसाद भट्टराई

का.मु. सचिव